आ.व. २०७९।८० को १० औं कार्यपालिका बैठक मिति : २०७९।११।२१ आईतवार

छलफलका बिषयहरु :

१.बिकास निर्माणका योजनाहरुको कार्यान्वयनको अवस्था सम्वन्धमा ।
२.हिउँदे नगरसभा बस्ने सम्वन्धमा ।
३.समग्र नगरपालिकाको सेवा प्रवाह सम्वन्धमा ।
४.करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप सम्वन्धमा ।
५.करार सेवामा प्राविधिक कर्मचारी भर्ना लिने सम्वन्धमा ।
६.का.स. ज्यालादारीमा नियुक्ती गर्ने सम्वन्धमा
७.विद्युत लाइन चार्ज गर्ने सम्वन्धमा ।
८.राष्ट्रिय मानव अधिकार स्थानिय तह समन्वय समिती गठन सम्वन्धमा ।
९.पशुपक्षिं तर्फका बाखा र भैंसी पकेट क्षेत्र निर्धारण सम्वन्धमा ।
१०.कृषि विकास तर्फ धान पकेट क्षेत्र निर्धारण सम्वन्धमा ।
११.विविध सम्वन्धमा ।

निर्णयहरु

निर्णय १.

प्रस्ताव नं. १ मा छलफल गर्दा यस आ.व.मा कार्यान्वयन हुने विकास निर्माणका योजनाहरुको कार्यान्वयनको गति सुस्त भएको अवस्थालाई मनन गर्दै , उक्त कार्यलाई जति सक्यो छिटो गर्ने साथै सार्वजनिक खरिद ऐन नियमावलीमा भएका प्रावधानहरुलाई समेत मध्यनजर गर्दै आगामी आ.व. हरुमा ऐन नियमका प्रावधानहरु भित्र रही निर्माण कार्यहरु सञ्चालन गर्ने प्रतिवद्धता सहित यस आ.व.मा सडक सम्वन्धी योजनाहरु साना र धेरै संख्यामा भई वोलपत्र बिधिबाट कार्यान्वयन गर्न ढिलाई हुने र विकास निर्माणमा ढिलाई हुने देखिएकोले पाँच लाख सम्मका सडक सम्वन्धिका योजनाहरु पनि उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने र सो भन्दा माथिका सडक तथा अन्य जटिल प्रकृतिका कार्यहरु सकभर एकमुष्ट बिधिबाट वोलपत्र गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय २.

प्रस्ताव नं. २ मा छलफल गर्दा यस आ.व. २०७९।८० को लागि नगरसभाको हिउँदे अधिवेशन मिति:२०७९ साल ११ महिना ३० गने बस्ने गरि तपसिल अनुसार तयारि स्वरुपका छलफल तथा वैठकहरु बस्ने निर्णय गरियो ।

तपसिल

क) मिति: २०७९।११।२९ गते दिनको विहान ८:०० बजे सबै विषयगत शाखा प्रमुख सहित कार्यपालिका वैठक बसी शाखागतको र वडागतको प्रगति छलफल र आगामी गर्नुपर्ने

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

योजनाको बारेमा छलफल गर्ने, वडाहरुले २०७९।११।२८ गते सम्म निर्णय सहित आफ्नो वडाको संसोधित बजेट प्रस्ताव नगरप्रमुख समक्ष पेस गरिसक्नु पर्ने ।

ख) मिति:२०७९।११।२९ गते दिनको २:०० बजे कार्यपालिका बैठकबसी सभामा पेस गरिने प्रस्ताबको अन्तिम खाका तयार गर्ने ।

निर्णय ३.

प्रस्ताव नं. ३ मा छलफल गर्दा नगरपालिका अन्तर्गतका कतिपय वडा कार्यलयहरुमा स्थानिय पञ्जिकाधिकारीको व्यवस्थापन नहुँदा, एउटा कर्मचारीले २ वा सो भन्दा बढि वडाहरुको पञ्जिकाधिकारीको रुपमा कार्य गर्दा आम नागरिकहरुको घटना दर्ता कार्य तथा अन्य दैनिक प्रशासनिक कार्यमा ढिलाई हुन गई सेवाग्राहीमा असर पर्न गएको अवस्थालाई मध्यनजर गर्दै हाल नगरपालिका वा अन्तर्गतका कार्यालयहरुमा कार्यरत विभिन्न सेवा समुहका स्थायी कर्मचारीहरु लाई समेत उनिहरु कार्यरत सेवाको विषयमा उल्लेख्य रुपमा वाधा नपर्ने गरि स्थानिय पञ्जिकाधिकारीको रुपमा थप जिम्वेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय ४.

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका वा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत विभिन्न पद, सेवा समुहका कर्मचारीहरु मिति २०७९ पौष मशान्तमा करार अवधि समाप्त भएको र पुनः स्याद थपको लागि रितपुर्वक निवेदन तथा हाजिर प्रमाणित प्रति पेश गरेको अवस्थामा निजहरुको करार अवधि माघ, फाल्गुण र चैत्र महिना सम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय ५.

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरिपालिका वा अन्तर्गतका वडाहरुमा भएका दरवन्दी विवरण अनुसार इन्जिनियरिङ सेवामा दरवन्दी विवरण अनुसारका पदहरु रिक्त रही कार्य सञ्चालनमा ढिलाई हुन गएकोले स्थायी पदस्थापन वा अर्को व्यवस्था नभए सम्मको लागि तपसिल अनुसारका पदहरुमा करार सेवामा भर्ना लिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पदको नाम | तह | संख्या |
|---|---|---|---|
| १ | सब इन्जिनियर | पाचौं | ४ |

उल्लेखित पदका साथै स्वास्थ्य तर्फका रिक्त दरवन्दीहरुमा समेत आवश्यक्ता एकिन गरिमात्र थप जनशक्ती करार सेवामा भर्ना लिनसकिने निर्णय गरियो ।

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ६.

प्रस्ताव नं. ६ मा छलफल गर्दा हाल नगरपालिका कार्यालयको कार्यचापलाई मध्यनजर गर्दै अर्को व्यवस्था नभए सम्मको लागि एकजना का.स. दैनिक ज्यालादारीमा नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय ७.

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिकाबाट विभिन्न आ.व.मा बजेट विनियोजन भई निर्माण सम्पन्न भएका **ब.कु.न.पा वडा नं. ४ गर्चे , ब.कु.न.पा. वडा नं.१ पानिखोला, र ब.कु.न.पा वडा नं. ७ को गैरिकटेरी, चिसापानी र गाईदुवा, ब.कु.न.पा.वडा नं. ९ को अइरेलचौर** मा विस्तार भएका विद्युत लाइनहरुमा देखीएका भौतिक पुर्वाधारगत समस्याहरु तथा कैफियतहरु यस नगरपालिकाले नै सम्वोधन गर्ने गरि हाल उक्त क्षेत्रहरुमा विद्युत लाईन चार्ज गर्नको लागि श्री विद्युत प्राधिकरण वितरण शाखा सल्यान लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा मानव अधिकार सम्वन्धि पाँचौ राष्ट्रिय कार्य योजनाको दफा ४.२.४ अनुसार तपसिल अनुसारको मानव अधिकार स्थानिय तह समन्वय समिति गठन गरियो ।

| | | |
|---|---|---|
| क) कर्ण बहादुर बुढाथोकी | नगर प्रमुख | संयोजक |
| ख) पुरुषोतम आचार्य | नगर उपप्रमुख | सदस्य |
| ग) थुम बहादुर वि.सी. | १ नं. वडाध्यक्ष | सदस्य |
| घ)मान बहादुर खत्री | २ नं वडाध्यक्ष | सदस्य |
| ङ)धन बहादुर पुन मगर | ३ नं वडाध्यक्ष | सदस्य |
| च)पुस्कर बुढा | ४ नं. वडाध्यक्ष | सदस्य |
| छ) पिउमले खत्री | ५ नं. वडाध्यक्ष | सदस्य |
| ज) गणेश बहादुर बुढा क्षेत्री | ६ नं. वडाध्यक्ष | सदस्य |
| झ) जीवन सिङ ठकुरी | ७ नं वडाध्यक्ष | सदस्य |
| ञ) कुल बहादुर पुरी | ८ नं. वडाध्यक्ष | सदस्य |
| ट) रुद्र बहादुर परियार | ९ नं वडाध्यक्ष | सदस्य |
| ठ) मोते घर्ती | १० नं. वडाध्यक्ष | सदस्य |
| ड) विर बहादुर बुढा मगर | ११ नं. वडाध्यक्ष | सदस्य |
| ढ)लाल बहादुर घर्ती मगर | १२ नं. वडाध्यक्ष | सदस्य |
| ण)नागरिक समाजका प्रतिनिधिहरु १.बसन्त शर्मा २.इन्द्र बुढाथोकी ३.रेखा श्रेष्ठ | | सदस्यहरु |
| त) ऋषिराम दाहाल | स्थानिय प्रहरी प्रमुख | सदस्य |
| थ) जगत बहादुर घर्ती | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा बाखा पकेट क्षेत्र, भैंसी पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गरेर आगामी कार्यपालिका वैठकबाट टुङ्गो लगाउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. १, मा पर्ने वनगाड जिउँलालाई धान पकेट क्षेत्रको रुपमा छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

- यस नगरपालिका अन्तर्गतका सबै वडाकार्यालयहरु तथा नगरपालिकाको राजश्व शाखा तथा ढुङगा, गिट्टी, बालुवा बाट हालसम्म उठेको राजश्व ७ दिन भित्र लक्ष्मी बैंकमा रहेको यस पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरी ठेली हिसाब गरि पालिकामा रसिद पेस गर्ने गराउने निर्णय गरियो ।
- पहिले विज्ञापन भएका र परिक्षा सञ्चालन हुन नसकेका पदहरुको परिक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत